२०८० माघ ७ गते तदनुसार January 21, 2024 आइतबार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. लिलाम बिक्रीको लागि सिफारिस सम्बन्धमा ।

२. LISA नतिजा सार्वजनिकीकरण सम्बन्धमा ।

३. गाउँसभाको हिउँद अधिवेशन सम्बन्धमा ।

४. मासु व्यवसायीहरुलाई डिफ्रिज ५०% अनुदानमा वितरण सम्बन्धमा ।

५. कित्ता नापी नापजाँच तथा नक्सा प्रिन्ट सञ्चालन कार्यविधि पारित सम्बन्धमा ।

६. अध्यक्ष कप प्रतियोगिताको सहयोगीहरुलाई धन्यवाद ज्ञापन सम्बन्धमा ।

७. संघीय विशेष अनुदान सम्बन्धमा ।

## बैठकका निर्णयहरु:

निर्णय नं.१: यस मानेभन्ज्याङ गाउँपालिका वडा नं. ५ मा सञ्चालित विद्यालय श्री धिमिले आ.वि. धिमिलेको मिति २०८० पुस ३ को चलानी नम्बर १०२ को पत्रानुसार र शिक्षा शाखाको सिफारिस अनुसार लामो समयदेखी सडे गलेर रहेको तथा पुन प्रयोग गर्न नमिल्ने सामग्रीहरुको लिलाम विक्री गर्न अनुमति माग भइ आएको हुँदा आजको कार्यपालिका वैठकमा छलफल गरी लिलाम विक्रीको लागि अनुमति दिने निर्णय गरियो ।

निर्णय नं.-२: यस मानेभन्ज्याङ गाउँपालिकाको आ.व. २०७९/८० मा सम्पादन भएको शाखागत कार्यहरुको मूल्याङ्कन गर्ने विधि स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मार्फत गरिएको र प्राप्त नतिजालाई आजको कार्यपालिका वैठकवाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.-३: यस गाउँपालिकाको गाउँसभाको हिउँदे अधिवेशन यही मिति २०८० साल माघ १८ गते बिहीवारदेखि वस्ने निर्णय गरियो ।

निर्णय नं.-४: यस गाउँपालिकाको पशुसेवा शाखा अन्तरगत आ.व.२०८०/८१ मा मासु व्यवसायीहरुलाई पचास प्रतिशत अनुदानमा डिफ्रिज वितरण गर्ने कार्यक्रम अनुसार मिति २०८० मंसिर १० गते निवेदन पेश गर्ने सम्बन्धी सूचना प्रकाशन गरेकोमा तपसिल अनुसारको व्यवसायीहरुवाट निवेदन पेश हुन आएकोले ५०% अनुदानमा डिफ्रिज उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल:

| क्र.स. | व्यवसायको नाम | वडा नं. | संचालकको नाम | माग गरेको फ्रिज क्षमता |
|---|---|---|---|---|
| १ | डबल स्टार फ्रेश हाउस | ८ | तारा व. थापा | १७५ लि. |
| २ | पुलामी पशु पंक्षी फर्म | ५ | टेक व. पुलामी | १७५ लि. |
| ३ | माइला दाईको मिटसप | ३ | जवरधन राई | ३२० लि. |
| ४ | निशान्त मिटसप | ५ | नारायण भुजेल | १७५ लि. |
| ५ | रोनिस फ्रेस मिटसप | ४ | शहरमान तामाङ | ३२० लि. |
| ६ | जोजो लपा मासु पसल | ५ | चित्रकुमार श्रेष्ठ | ३२० लि. |
| ७ | कालिका फ्रेस हाउस | १ | ओमकुमार राई | ३२० लि. |
| ८ | वाम्वुले फ्रेस हाउस | ७ | टंकश्वर राई | ३२० लि. |
| ९ | हर्कपुर मिटसप | ७ | ठाकुर प्रसाद गौतम | ३२० लि. |

निर्णय नं.-५: यस मानेभन्ज्याङ गाउँपालिकामा नापी क्षेत्रको व्यवस्थापन तथा सहजीकरणको लागि साथै नापीको हरेक प्रणालीलाई पारदर्शी, जवाफदेही व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गर्न आजको कार्यपालिका वैठकबाट "कित्ता नापी नापजाँच तथा नक्सा प्रिन्ट सञ्चालन कार्यविधि, २०८०" पारित गर्ने निर्णय गरियो ।

CamScanner

**निर्णय नं.-६:** यस मानेभन्ज्याङ गाउँपालिकाको आयोजनामा पुस १७ गतेदेखी २७ गतेसम्म सञ्चालन भएको अन्तर प्रदेश स्थानीय तह स्तरीय अध्यक्ष कप फुटवल प्रतियोगिता २०८० मा विभिन्न क्षेत्रवाट सहयोग तथा समन्वय गरिदिनुहुने स्थानीय तहहरु, उद्घाटन समारोह तथा समापन समारोहका प्रमुख अतिथि तथा अन्य अतिथिगणहरु, मानेभन्ज्याङ गाउँपालिकाका विद्यालयहरु, सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, कर्मचारीहरु, सहभागी सवै टिमहरु, रेफ्रीहरु, मिडियाकर्मी तथा पत्रकारहरु, सुरक्षाकर्मीहरु, स्वयंसेवकहरु, खान तथा बस्नको लागि व्यवस्थापन गर्न सहयोगी होटल सञ्चालकहरु, आर्थिक सहयोगीहरु, लगायत सवैलाई मानेभन्ज्याङ गाउँपालिकाको पहिलो अध्यक्ष कप-२०८० मा आफ्नो अमूल्य सहयोग गर्नुभएकोमा आजको कार्यपालिका वैठकवाट उच्च प्रसंशा गर्दै हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछौं ।

**निर्णय नं.-७:** राष्ट्रिय योजना आयोगवाट सङ्घीय विशेष अनुदानको लागि स्थानीय तहहरुलाई आयोजना/कार्यक्रम माग भई आएको हुँदा यस मानेभन्ज्याङ गाउँपालिकाले विशेष अनुदानको लागि कृषि क्षेत्रमा लागनी गर्ने भएको हुनाले सो क्षेत्रको लागि आवश्यक संभाव्यता अध्ययन गराउने निर्णय गरियो ।

CamScanner